Randy I. Dorn Old Capitol Building · PO BOX 47200 · Olympia, WA 98504-7200 · http://www.k12.wa.us

वासिंगटन इंगलिस ल्यांवेज प्रोफेसिएंसी एसेस्मेन्ट (वासिंगटन राज्यले गर्ने अंग्रेजीको क्षमता मुल्याकन ) भनेको के हो ?

वासिंगटन राज्यले गर्ने अंग्रेजीको क्षमता मुल्याकन (वासिंगटन इंगलिस ल्यांवेज प्रोफेसिएंसी एसेस्मेन्ट ) डब्ल्युइएलपीए भनेको त्यस्तो जांच हो जसबाट यदि बिद्यार्थीलाइ डिस्ट्रिक्ट इंगलिस ल्यांग्वेज डेभलोपमेन्ट (इएलडि) को भाषा शिक्षा संबन्धि कार्यक्रमको मद्दत जरुरत छ कि छैन भनेर निर्क्योल गर्नु हो । यस्तो जाँचमा अंग्रेजीमा पढ्ने ,सुन्ने लेख्ने र बोल्ने क्षमता को परिक्षण हुनेछ । यस्तो जांच पुर्व प्राथमिक कक्षा देखि १२ कक्षा सम्मका बिद्यार्थीलाइ उनीहरुले स्कुलमा अंग्रेजी भाषा कत्तिको सिके भनेर हरेक वर्ष लिने गरिन्छ । स्कुलमा राम्रोसंग अंग्रेजी जान्नु र प्रयोग गर्नु सफलताको लागि आवश्यक हुन्छ । यदि कुनै बिध्यार्थिलाई अंग्रेजी सिक्न थप मद्दत चाहिन्छ भने उनीहरुले त्यस्तो सहयोग पाउनु पर्छ भन्ने कुरा महत्वपूर्ण हो ।

**जिल्लाको अंग्रेजी विकास कार्यक्रममा पर्नका लागि विद्यार्थीहरू कसरी योग्य हुन सक्दछन् ?**

विद्यार्थीहरूलाई विद्यालयमा भर्ना गरिँदा आमाबाबुहरूलाई सोध्ने गरिन्छ "के तपाईंको बच्चाले पहिले अंग्रेजी नभै अरू नै भाषा बोल्ने गर्दथ्यो ?" "हो" भन्ने उत्तर आएमा विद्यार्थीले वासिङटन इङ्गिलिस ल्याङ्गवेज प्रोफिसियन्सी एसेसमेन्ट (डब्लुइएलपिए) प्लेसमेन्ट टेस्ट अर्थात् वासिङटनले लिने अंग्रेजी भाषामा दक्षता मूल्यांकन स्थान-निर्धारण परीक्षा दिनेछ । प्लेसमेन्ट टेस्टमा तह १ (प्रारम्भिक), तह २ (माध्यमिक) वा तह ३ (उन्नत) अनुसारको अंक प्राप्त गर्ने विद्याथीहरू आफ्नो अंग्रेजीलाई सुधार गर्नका लागि थप सहयोग पाउनका लागि योग्य ठहरिन्छन् ।

**विद्यार्थीहरूले जिल्लाको अंग्रेजी भाषा विकास कार्यक्रम मार्फत कति अवधि सम्मको सेवा पाउन सक्दछन् ?**

अंग्रेजी सिक्नमा उनीहरूलाई सहयोगको आवश्यकता परेसम्म विद्यार्थीहरूले कार्यक्रममा भाग लिइ रहने छन् । अंग्रेजी भाषामा, पढाइ, लेखाइ, सुनाइ र बोलाइ सम्बन्धी विद्यार्थीहरूको ज्ञान र सीपको मापन गर्न डब्लुइएलपिएको वार्षिक परीक्षा (डब्लुइएलपिए एनुएल टेस्ट) लिइन्छ । डब्लुइएलपिए मा प्राप्त गर्ने तह १, तह २ वा तह ३ को अंकले विद्यार्थीले कार्यक्रममा निरन्तरता दिने छ भन्ने कुरालाई निर्धारण गर्दछ । डब्लुइएलपिए परीक्षामा उनीहरूले बाहिर-गमन गर्ने मापदण्ड (एक्जिट क्राइटेरिया) लाई पुरा गरेमा विद्यार्थीहरूले कार्यक्रमबाट सफलतापूर्वक संक्रमण पार गर्ने छन् ।